नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-५७४, दायर मिति-: २०८१/०२/२१

फैसला मिति- २०८१/०२/२१

वादी

प्रहरी प्रतिवेदनले

नेपाल सरकार..........................१

प्रतिवादी

देश भारत पुर्वी चम्पारण जिल्ला मोतिहारी वडा नं. ११ बस्ने बाला मियाँको छोरा बर्ष ५० को आलम मियाँ .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले प्रतिवेदक प्रहरी कर्मचारीहरुलाई गाली गलोज समेत गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. प्रतिवेदक प्रहरी कर्मचारीहरुलाई गाली गलोज समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. प्रतिवेदक प्रहरी कर्मचारीहरुलाई गाली गलोज समेत गरी अभद्र व्यवहार गरेको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शेख नवरूज समेतको घटनाविवरण कागज ।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती साबिति बयान ।

## ठहर-खण्ड

यसमा मिति २०८१।०२।१३ गते जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.१५ स्थित सडकमा प्रतिवादी आलम मियाँले हो-हल्ला गरिरहेको अवस्थामा फेला पारी सम्झाई बुझाई गर्दा नमानी उल्टै हामि प्रहरी टोलीसँग २ बादविवाद गरी काम कर्तव्य पालनमा बाधा अवरोध गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी आलम मियाँलाई कैद दिन ८ र जरिवाना रु.१००००/- अक्षेरपी दश हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी आलम मियाँलाई ठहरेको कैद दिन ८ को हकमा निज मिति २०८१-०२-१३ देखि २०८१-०२-२० सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु ------------ १

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८१ जेष्ठ महिना २१ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा द्वादशी, शुभम् ........